# काठमाडौँ उपत्यकाबाट प्रसारित टेलिभिजनहरूको अनुगमन प्रतिवेदन, २०७५

टेलिभिजन अनुगमन उपसमितिद्वारा

न्यूनतम पारिश्रमिक निर्धारण समितिमा प्रस्तुत

मिति : २०७५, असार


**प्रस्तुतकर्ता**

संयोजक : दिलिपाश्री अधिकारी

सदस्य : नकुल अर्याल

सदस्य : सकल देव राय

सदस्य : चेतनाथ धमला

सदस्य : रुपा वि.क.

सदस्य : अनिल भुजेल

# टेलिभिजनहरुमा श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन अवस्थाबारे अनुगमन प्रतिवेदन २०७५

श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नेपालको सञ्चार क्षेत्रको एक प्रमुख सवालका रुपमा हरेको छ । सञ्चारमाध्यमहरुमा कार्यरत श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिकदेखि सेवा,शर्त र सुविधाका सन्दर्भमा ऐनले निर्दिष्ट गरेका प्रावधान शतप्रतिशत कार्यान्वयन गराउन नेपाल सरकार सञ्चार मन्त्रालय र अन्य सम्बद्ध निकायहरु क्रियाशील रहँदै आएका छन् ।

श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिक निर्धारण समितिले राष्ट्रिय स्तरका सञ्चारमाध्यमहरुमा श्रमजीवी पत्रकार ऐन कार्यान्यनको अवस्थाबारे अध्ययन गर्न विभिन्न कार्यदलहरु गठन गरेको छ । जसमध्ये टेलिभिजनहरुको अनुगमनका लागि ६ सदस्यीय कार्यदल गठन भएको हो । कार्यदलमा न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चार मन्त्रालय, श्रम मन्त्रालय, सूचना तथा प्रविधि विभाग, प्रेस काउन्सिल तथा नेपाल पत्रकार महासंघका प्रतिनिधिहरु संलग्न रहेका छन् । प्राप्त जिम्मेवारी अनुसार टेलिभिजन अनुगमन कार्यदलले विभिन्न टेलिभिजनहरुमा पुगी श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्थाबारे श्रमजीवी पत्रकार र व्यवस्थापकसंग अन्तरक्रिया गरी प्राप्त जानकारी तथा निर्धारित ढाँचाअनुसारको फाराम भराई प्राप्त विवरण समेतका आधारमा टेलिभिजन अनुगमन कार्यदलले यो प्रतिवेदन तयार गरेको छ ।

कार्यदलले नेपाल पत्रकार महासंघको प्रतिष्ठान शाखा रहेका टेलिभिजनमा शाखाको समन्वयमा स्थलगत अनुगमन गरेको हो । यसपटकको अनुगमनमा फरक-फरक प्रकृतिका प्रतिनिधिमूलक टेलिभिजन समेटिएको छ भने श्रव्य दृश्य समाचार एजेन्सीलाई पनि पहिलो पटक अनुगमनमा समेटिएको छ ।

**अनुगमन गरिएका टेलिभिजनहरु-**

१. नेपाल टेलिभिजन

२. एपी वान टेलिभिजन

३. हिमालय टेलिभिजन

४. एभिन्यूज टेलिभिजन

५. न्यूज एजेन्सी नेपाल

६. अरनिको टेलिभिजन

**अनुगमनका लागि अपनाइएका विधि :**

- अनुगमनका लागि कार्यदलका सदस्यहरु टेलिभिजनको मुख्य स्टेसन रहेको कार्यालयमा पुगी स्थलगत अनुगमन गरिएको ।
- श्रमजीवी पक्ष र व्यवस्थापन पक्षसंग छुट्टाछुट्टै अन्तरक्रिया गरिएको ।
- न्यूनतम पारिश्रमिक निर्धारण समितिले निर्धारण गरे बमोजिमको फाराम व्यवस्थापन तथा श्रमजीवी पत्रकार, कर्मचारीबाट भराईएको ।

स्थलगत अनुगमन यथार्थ उत्खननका लागि उपयुक्त माध्यम हो । श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका मुख्य सरोकारवालाका रुपमा रहेका श्रमजीवी र व्यवस्थापक दुवै पक्षसंग प्रत्यक्ष अन्तरक्रिया गर्दा ऐन कार्यान्वयनका बारेमा प्रष्टता हासिल गर्न सकिएको छ । यस अनुगमनबाट श्रमजीवी र व्यवस्थापन पक्षबीच सौहार्दपूर्ण सम्बन्ध स्थापित गर्दै दुवै पक्षको हित प्रबर्द्धनमा मद्दत पुग्ने विश्वास कार्यदलले लिएको छ ।

यस कार्यदलले मूलतः टेलिभिजनहरुमा कार्यरत पत्रकारहरुले नियुक्ति पत्र पाए/नपाएको, न्यूनतम पारिश्रमिकको सुनिश्चितता रहे/नरहेको , नियमित पारिश्रमिक भुक्तानी भए/नभएको तथा ऐनले निर्दिष्ट गरेका अन्य सेवा सुविधा उपलब्ध भए/नभएको विषयमा केन्द्रीत रहेर अनुगमन गरेको छ । माथि उल्लेखित टेलिभिजनहरुको अनुगमनबाट प्राप्त निष्कर्षले समग्र टेलिभिजन पत्रकारितालाई प्रतिनिधित्व गर्ने विश्वास कार्यदलले लिएको छ । अनुगमन गरिएका टेलिभिजनहरु मध्ये अधिकांशमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको पाइयो । न्यूनतम पारिश्रमिक कार्यान्वयनका सन्दर्भमा विगतमा भन्दा सुधार देखिएपनि ऐनको मर्मअनुसार अझै हुनसकेको पाइएन । केही टेलिभजनमा नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक तथा अन्य सेवा सुविधाबिनै पत्रकार एवं कर्मचारी काम गर्न बाध्य रहेका छन् । टेलिभिजनमा कार्यरत पत्रकार र कर्मचारीहरुको दरबन्दी तोकिएबमोजिम सूचना तथा प्रसारण विभागमा पठाइनुपर्नेमा कतिपयले लापरवाही गरेको समेत पाइयो ।

अनुगमनका क्रममा अनुगमनको प्रतिफलबारे अधिकांश श्रमजीवी पत्रकारले चासो राखेको पाइयो । वर्षेनी हुने अनुगमनले पनि ऐन कार्यान्वयनमा दवाव नपुगेको भन्दै कतिपय पत्रकराहरुले फाराम भर्नसमेत अस्वीकार गर्ने अवस्था रह्यो । अनुगमन कार्यदलप्रति व्यवस्थापन पक्षले स्वभाविक व्यवहार देखाएपनि कतिपय पत्रकार नै अनिच्छुक रहेको पाइयो । निजी टेलिभिजनहरुमा कार्यरत पत्रकारमा ऐनका महत्वपूर्ण र उपयोगी व्यवस्थाबारे अध्ययनको अभाव रहेको पाइयो । व्यवस्थापन पक्षले फाराम भर्ने कामलाई हल्का ढंगले लिएको पाइयो भने केही पत्रकारहरुले परिचय र पारिश्रमिक गोप्य राख्न चाहेको पाइयो ।

अनुगमनका क्रममा श्रमजीवी र व्यवस्थापन दुवै पक्षले विगतमा भन्दा अवस्था सुध्रिएको दावी गरे । यद्यपि फारामबाट प्राप्त तथ्यका आधारमा टेलिभिजनहरुमा श्रमजीवी पत्रकारहरुले ऐन अनुसार पारिश्रमिक, बिदा तथा अन्य सुविधा नपाएको पाइयो । न्यूनतम पारिश्रमिक दिएको दावी गर्ने टेलिभिजनमा अधिकांशले २ खाले नियुक्तिपत्र लिएका छन् । सूचना विभागमा प्रेस प्रतिनिधि प्रमाणपत्र

लिने प्रयोजनका लागि तोकिएबमोजिमको र आन्तरिक प्रयोजनका लागि छुट्टै नियुक्तिपत्र दिएको पाइयो । यस्तो अवस्थामा १९ हजार ५ सय वा सोभन्दा बढी एकमुष्ट पारिश्रमिक बुझ्नेहरुको पारिश्रमिकमा सञ्चार, यातयात, क्षमता अभिवृद्धि लगायतको रकम जोडेरमात्रै १९ हजार ५ सय पुऱ्याएको पाइयो ।

व्यवस्थापन पक्षले ऐन कार्यान्वयनमा प्रतिबद्धता जनाउँदै आफ्ना समस्याहरु सम्बोधनका लागि पनि पहल गरिदिन आग्रह गरेका छन् । न्यूनतम पारिश्रमिक सम्बन्धी प्रावधान मात्रै पनि कार्यान्वयन नभएका टेलिभिजनमा ऐनले निर्दिष्ट गरेका अन्य सेवा सुविधाबारे रुची देखिएन । समग्रमा ऐनप्रति पत्रकार सचेतना बढ्दै गएको र व्यवस्थापन पक्षले कार्यान्वयनका लागि प्रतिबद्धता बढाएको पाइयो ।

**सुझावहरु :**

## क. तत्काल गर्नुपर्ने

१. टेलिभिजनमा श्रमजीवी पत्रकार र कर्मचारीलाई काममा लगाउनु अघि तोकिएको ढाँचाको नियुक्तिपत्र अनिवार्य रुपमा दिइनुपर्ने । पत्रकार र कर्मचारीले पनि आफ्नो पद, जिम्मेवारी, सेवा सुविधा लगायतका विषयमा प्रष्ट रही नियुक्तिपत्र लिएर मात्रै सेवा थाल्नुपर्ने ।

२. नियमित पाश्रिमिक उपलब्ध नगराइएका टेलिभिजनहरुमा पत्रकार र कर्मचारीको अवस्था दयनीय छ । तसर्थ सम्बन्धित टेलिभिजन प्रशासनले नियमित रुपमा पारिश्रमिक उपलब्ध गराउनुपर्ने ।

३. नेपालको प्रचलित कानून मान्नु सञ्चारमाध्यमहरुको दायित्व हो । त्यसैले प्रचलित कानून तथा नियमले निर्दिष्ट गरेका कामहरु समयमै पूरा गर्न व्यवस्थापन पक्ष जिम्मेवार हुनुपर्ने ।

४.श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका सन्दर्भमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको नेतृत्वमा हुने अनुगमनप्रति पत्रकार, कर्मचारी कामदार तथा व्यवस्थापन पक्ष सकरात्मक रही आवश्यक सहयोग गर्नुपर्ने ।

## ख. अल्पकालीन समयमा गर्नुपर्ने

१. टेलिभिजन व्यवस्थापनले सूचना तथा प्रसारण विभागमा पठाउने पत्रकार र कर्मचारीको दरबन्दी विवरण, नियुक्तिपत्र लगायतका कागजात वास्तविक रहेको पुष्टी गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने ।

२. न्यूनतम पारिश्रमिकलाई समय सापेक्ष बनाउदै तहगत वर्गीकरण र तहअनुसारको न्यूनतम पारिश्रमिकमा पनि एकरुपता ल्याउनुपर्ने ।

३. अधिकांश टेलिभिजनले बैंक खाता मार्फत नै पारिश्रमिक भुक्तानी गर्दै आएका छन् । प्रत्येक महिना पारिश्रमिक भुक्तानी नगरी बक्यौता राख्ने टेलिभिजन व्यवस्थापनलाई निरुत्साहन गर्न हरेक महिना तलब भुक्तान भइसकेको प्रमाणित कागजातको सम्बद्ध निकायले परिक्षण गर्ने व्यवस्था  गर्नुपर्ने ।

४. टेलिभिजनमा प्राविधिक जनशक्तिका रुपमा कार्यरत इञ्जिनियरहरुलाई श्रमजीवी पत्रकार ऐनअनुसार व्यवहार गर्दा मर्का परेको गुनासो धेरै आएकाले यसबारे आवश्यक निर्णय लिइनुपर्ने ।

५. व्यवस्थापनसंगको सम्झौता अनुसार आचरण नगर्ने, अचानक सेवा छाड्ने लगायतका व्यवस्थापन पक्षले महसुस गरेका कमजोरी सच्याउन आवश्यक समन्वय गर्नुपर्ने ।

६. श्रव्यवदृश्य समाचार एजेन्सीलाई छुट्टै प्रकृतिको सञ्चारमाध्यमको रुपमा मान्यता दिनुपर्ने ।

**ग. दीर्घकालीन समयमा गरिनुपर्ने**

१. टेलिभिजन पत्रकारिताका लागि सैद्धान्तिक, प्राविधिक र व्यवहार उपयोगी तालिमको प्रबन्ध नभएका कारणले जनशक्ति अभाव देखिन्छ । तसर्थ टेलिभिजन पत्रकारितालाई लक्षित गरी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

२. टेलिभिजन सञ्चालनको इजाजतपत्र दिनुअघि नै श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई नियमित पारिश्रमिक भुक्तान गर्नसक्ने अवस्थाको सुनिश्चितता हुने गरी प्रक्रिय निर्धारण गरिनुपर्छ ।

३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने टेलिभिजनले सरकारी श्रोत परिचालन गरी निर्माण गरिएका विज्ञापनसहितका कुनैपनि श्रव्यदृश्य सामाग्री प्रसारण गर्न नपाउने प्रबन्ध गरिनुपर्छ ।

४. टेलिभिजनको समाचार कक्षलाई समावेशी बनाइनुपर्छ ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिले सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकार सम्बन्धि ऐन २०५१ को कार्यान्वयनको अवस्थाबारे स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गर्न गठन गरेको टेलिभिजन अनुगमन कार्यदलले विभिन्न ५ वटा टेलिभिजन र १ वटा श्रव्यदृश्य समाचार एजेन्सीको अनुगमन गरेको छ । कार्यदलमा न्यूनतम पारिश्रमिक निर्धारण समिति , नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, सञ्चार मन्त्रालय, श्रम मन्त्रालय र सूचना तथा प्रसारण विभागको प्रतिनिधित्व रहेको थियो । स्थलगत अनुगमनका दौरान श्रमजीवी पत्रकार ऐन कार्यान्वयनबारे अन्तरक्रिया, फाराम भराउने तथा आचारसंहिता पालना र सञ्चार मन्त्रालयसम्बद्ध विषयमा छलफल पनि गरिएको थियो ।

कार्यदलले अनुगमन गरेका टेलिभिजनहरुको अनुगमनका क्रममा श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको पाश्रिमिक तथा सेवा सुविधा सम्बन्धि विषयमा प्राप्त विवरणहरु तल प्रस्तुत गरिएको छ ।

## १. एपि वान टेलिभिजन , थापाथली

टेलिभिजन अनुगमन कार्यदलले एपि वान टेलिभिजनमा श्रमजीवी पत्रकार र व्यवस्थापनसंग गरेको छलफल तथा फाराममार्फत प्राप्त विवरणका आधारमा सो टेलिभिजनको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

- टेलिभिजन भू-उपग्रह प्रविधिबाट सञ्चालन भइरहेको छ ।
- प्रसारण क्षमता नेपालभर रहेको छ ।
- श्रमजीवी पत्रकारहरुले नियुक्तिपत्र पाएका छन् । न्यूनतम १९ हजार ५ सय पारिश्रमिक सबैले पाएका छन् तर त्यसैमा सञ्चार, यातायात , क्षमता अभिवृद्धि लगायतको रकम जोडिएको छ ।
- व्यवस्थापन पक्षले सकभर हरेक महिना पारिश्रमिक उपलब्ध गराउन प्रयास भएको बताएकोमा श्रमजीवी पक्षले १ महिनाको बक्यौता रहीरहेको उल्लेख गरेका छन् ।
- बिरामी बिदा, घर बिदा, पर्व बिदा र महत्वपूर्ण सार्वजनिक बिदाको व्यवस्था छ । सम्बन्धित दिन बिदा नबस्नेलाई सट्टा बिदा उपलब्ध गराइएको व्यवस्थापनद्वारा जानकारी ।
- कर्मचारी सञ्चयकोषको व्यवस्था छैन तर व्यवस्थापन र कर्मचारीको सहाकार्यमा सहकारी सञ्चालनको प्रयास गरिएको छ ।

**व्यवस्थापक र श्रमजीवीको अपेक्षा :**

- निर्धारण गरिएको पारिश्रमिक दिलाउने र त्यसमा बढोत्तरी गर्ने तर्फ तदारुकता देखाउनु पर्‍यो ।
- लोककल्याणकारी विज्ञापन र प्रविधि खरिदमा सहुलियत हुनुपर्‍यो ।

## २. हिमालय टेलिभिजन , मध्यबानेश्वर

टेलिभिजन अनुगमन कार्यदलले हिमालय वान टेलिभिजनमा श्रमजीवी पत्रकार र व्यवस्थापनसंग गरेको छलफल तथा फाराममार्फत प्राप्त विवरणका आधारमा सो टेलिभिजनको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

- टेलिभिजन भू-उपग्रह प्रविधिबाट सञ्चालन भइरहेको छ ।
- प्रसारण क्षमता नेपालभर रहेको छ ।
- अधिकांश श्रमजीवी पत्रकारहरुले नियुक्तिपत्र पाएका छैनन् । न्यूनतम १९ हजार ५ सय पारिश्रमिक केहीले मात्रै पाएका छन् तर त्यसैमा सञ्चार, यातायात , क्षमता अभिवृद्धि लगायतको रकम जोडिएको छ ।
- कर्मचारी नियमावली बनेपनि कार्यान्वयनमा छैन । घण्टाको हिसाब गरेर पत्रकार र कर्मचारीको पारिश्रमिक कट्टा गर्ने गरिन्छ ।
- स्वामित्व हस्तान्तरणको चरणमा रहेकाले पत्रकार, कर्मचारी र कामदारहरु अनिर्णयको बन्दी बनेका छन् । नयाँ व्यवस्थापनले कस्तो व्यवहार गर्नेछ भन्नेबारे अनभिज्ञ श्रमजीवहरु रोजगारको निरन्तरताको विषयमा चिन्तित छन् ।
- नेपाल पत्रकार महासंघको अगुवाईमा भएको आन्दोलनपश्चात गरिएका सहमति कार्यान्वयनका लागि व्यवस्थापनले विलम्व गरिरहेको छ ।
- श्रमजीवीका साझा सरोकार र अधिकारका लागि प्रयास गर्नेबारे श्रमजीवीमै मतभेद रहेको छ ।

**व्यवस्थापक र श्रमजीवीको अपेक्षा :**

- टेलिभिजनको स्वामित्व हस्तान्तरणपछि श्रमजीवीको अवस्था के हुने भन्नेबारे सम्बद्ध निकायले चासो राखिदिनुपर्‍यो ।
- इञ्जिनियर लगायतका प्राविधिक जनशक्तिलाई श्रमजीवी पत्रकार ऐन पर्याप्त छैन ।
- नियुक्तिपत्र, नियमित पारिश्रमिक र ऐन कार्यान्वयनका लागि

## ३. नेपाल टेलिभिजन, सिंहदरबार

टेलिभिजन अनुगमन कार्यदलले नेपाल टेलिभिजनमा श्रमजीवी पत्रकार र व्यवस्थापनसंग गरेको छलफल तथा फाराममार्फत प्राप्त विवरणका आधारमा सो टेलिभिजनको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

- टेलिभिजन भू-उपग्रह प्रविधिबाट सञ्चालन भइरहेको छ ।
- प्रसारण क्षमता नेपालभर रहेको छ ।
- सबैले नियुक्तिपत्र र श्रमजीवी पत्रकार ऐन बमोजिमको सुविधा पाएका छन् । त्यो भन्दा बढी सुविध उपलब्ध गराइएको व्यवस्थापकको दावी छ ।
- सरकारी स्वामित्वको भएकाले पाश्रिमिक, बिदा सेवा सुविधाका विषयमा खास समस्या देखिएन ।
- नेपाल टेलिभिजन कोहलपुर अन्तर्गत कार्यरत स्ट्रिन्जरहरु लामो समयदेखिको पारिश्रमिक नपाएको गुनासो ।

**व्यवस्थापक र श्रमजीवीको अपेक्षा :**

- आफ्नो टेलिभिजनमा जस्तै अन्यत्र पनि श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयन हुने वातावरण बनोस् ।

### ४. एभिन्यूज टेलिभिजन, चक्रपथ

टेलिभिजन अनुगमन कार्यदलले एभिन्यूज टेलिभिजनमा श्रमजीवी पत्रकार र व्यवस्थापनसंग गरेको छलफल तथा फाराममार्फत प्राप्त विवरणका आधारमा सो टेलिभिजनको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

- टेलिभिजन भू-उपग्रह प्रविधिबाट सञ्चालन भइरहेको छ ।
- प्रसारण क्षमता नेपालभर रहेको छ ।
- श्रमजीवी पत्रकार र कर्मचारीहरुले नियुक्तिपत्र पाएका छन् । प्रशिक्षार्थी बाहेकका पत्रकार र कर्मचारीले न्यूनतम पारिश्रमिक पाएका छन् ।
- व्यवस्थापन र श्रमजीवी पक्षको सहमतिमै १ महिनाको पारिश्रमिक बक्यौता राखिएको छ । सो बाहेकको पारिश्रमिक नियमित उपलब्ध गराइएको छ । दुवै पक्ष यो व्यवस्थाप्रति सन्तुष्ट छन् ।
- बिदाको प्रबन्ध गरिएको छ तर सञ्चयकोषको प्रावधान विगतमा भएपनि अहिले हटाइएको छ ।

**व्यवस्थापक र श्रमजीवीको अपेक्षा :**

- न्यूनतम पारिश्रमिक अपुग छ । समय सापेक्ष न्यूनतम पारिश्रमिक बढाउनुपर्‍यो ।
- श्रमजीवी पत्रकार कार्यान्वयनसंगै व्यवस्थापनका कठिनाई सम्बोधनका लागि पनि प्रयास हुनुपर्नेमा व्यवस्थापन पक्षको जोड ।

### ५. अरनिको टेलिभिजन, मध्यबानेश्वर

टेलिभिजन अनुगमन कार्यदलले अरनिको टेलिभिजनमा श्रमजीवी पत्रकार र व्यवस्थापनसंग गरेको छलफल तथा फाराममार्फत प्राप्त विवरणका आधारमा सो टेलिभिजनको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

- टेलिभिजन भू-उपग्रह प्रविधिबाट सञ्चालन भइरहेको छ ।
- प्रसारण क्षमता नेपालभर रहेको छ ।
- श्रमजीवी पत्रकारहरुले नियुक्तिपत्र पाएका छन् । व्यवस्थापकहरु पनि श्रमजीवीकै रुपमा कार्यरत छन् ।
- कम जनशक्तिमा टेलिभिजन सञ्चालन गर्ने र नियमित पारिश्रमिक भुक्तानी गर्ने नीति कार्यान्वयनमा छ ।
- बिरामी बिदा, घर बिदा, पर्व बिदा र महत्वपूर्ण सार्वजनिक बिदाको व्यवस्था छ तर कर्मचारी नियमावली बनाइएको छैन ।

- कर्मचारी सञ्चयकोषको व्यवस्था छैन ।

**व्यवस्थापक र श्रमजीवीको अपेक्षा :**

- निर्धारण गरिएको पारिश्रमिक दिलाउने र त्यसमा बढोत्तरी गर्ने तर्फ तदारुकता देखाउनु पर्‍यो ।
- लोककल्याणकारी विज्ञापन र प्रविधि खरिदमा सहुलियत हुनुपर्‍यो ।

## ६. न्यूज एजेन्सी नेपाल

टेलिभिजन अनुगमन कार्यदलले न्यूज एजेन्सी नेपालमा श्रमजीवी पत्रकार र व्यवस्थापनसंग गरेको छलफल तथा फाराममार्फत प्राप्त विवरणका आधारमा सो टेलिभिजनको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

- श्रव्यदृश्य समाचार एजेन्सीको रुपमा सञ्चालनमा रहेको छ ।
- काठमाडौं उपत्यकासहित मोफसलका टेलिभिजन/अनलाइनहरुले सेवा लिएका छन् ।
- श्रमजीवी पत्रकारहरुले नियुक्तिपत्र पाएका छन् र न्यूनतम पारिश्रमिक दिइएको छ ।
- केही श्रमजीवीले नियुक्तिपत्र नपाएको उल्लेख गरेपनि पारिश्रमिक नियमित दिइएको छ ।
- बिरामी बिदा, घर बिदा, पर्व बिदाको व्यवस्था छ । कर्मचारी सञ्चयकोषको व्यवस्था छैन ।
- न्यूज एजेन्सीको रुपमा सञ्चारमाध्यमको छुट्टै वैधानिक हैसियतका लागि प्रयास जारी छ ।

**व्यवस्थापक र श्रमजीवीको अपेक्षा :**

- श्रव्यदृश्य समाचार एजेन्सीका रुपमा वैधानिक मान्यता हुनुपर्‍यो ।
- छापा, विद्युतीय र अनलाइन माध्यसरहको मान्यता हुनुपर्‍यो ।
- श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिक बढाएर प्रभावकारी कार्यान्वयन गर्न सुझाव ।

**धन्यवाद ।**